**गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय समिति**
**यूवा फोरम**
**सातौं बिश्व सम्मेलन तथा महाधिबेशन अक्टोबर, २०१५**

# यूवा गतिबिधि संबन्धि रिपोर्ट

## १.कापि कलम बितरण कार्यक्रम सम्पन्न

गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय संन्वय समिति यूवा फोरमको “डलर १ कापि र कलम” परियोजना अन्तर्रगतको कापि र कलम बितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । भूकम्पले क्षतिग्रस्त भएको ईचोक सोलसिङ, सिन्धुपाल्चोकको महाकालेश्वरी निम्न माध्यमिक बिद्यालयमा अध्यनरत १३४ बिद्यार्थीलाई अक्टोबर १० शनिबारका दिन आदरणिय एनआरएनए अध्यक्ष शेष घले, पूर्व अध्यक्ष जिबा लामिछाने, उपाध्यक्ष टिबी कार्की, महासचिब कुमार पन्त, कापि कलम परियोजनाका संयोजक तथा यूवा उपसंयोजक कृष्ण गिरी, क्षेत्रिय संयोजक सोनाम लामा, क्षेत्रिय उपसंयोजक भोमा लिम्बू, गोबिन्द श्रेष्ठ, एसी शेर्पा, एमआईटी फाउण्डेशनकी प्रमूख जमुना घले लगायतका महानुभाबहरुको हातबाट कापि र कलम बितरण भयो ।

बितरण कार्यक्रमलाई संबोधन गर्दै अध्यक्ष घले ले यूवा फोरमको यस अभियानले प्रवासमा रहेका यूथहरुमा परिवर्तन ल्याउँदै नेपाल र नेपाली प्रति जिम्मेवार बनाउनेमा बिश्वस्त रहेको बताउँनु भयो । प्रवासमा जन्मे हुर्केका बालबालिकाहरुको नेपाल प्रतिको संबन्धलाई प्रगाढ बनाउँदै नेपाली सँस्कृति, सम्पदाको बारेमा जानकार बनाउँदै नेपाल र नेपाली प्रति माया, सद्भाव र सहयोगी भावना रहीरहोस् भन्ने उदेश्यले यूथ फोरम अन्तर्रगत यूवा उपसंयोजक कृष्ण गिरीले “डलर १ कापि र कलम” परियोजना अघि ल्याउनु भएको थियो । परियोजनाको उदेश्य अनुरुप कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको छ । यस परियोजनालाई भोलिका दिनमा निरन्तरता दिँदै सबै देशको एनसीसीमा पुर्याउन सके एनआरएनए समृद्ध नेपाल निर्माण गर्ने अभियानमा सहयोग पुग्ने बिश्वास रहेको यूवा उपसंयोजक गिरीले बताउनु भयो ।

यस परियोजनालाई सफल पार्न अष्ट्रेलियाका बिभिन्न सहरहरुमा यूवाहरुका लागि स्प्रिच्यूल, कल्चरल तथा समर क्याम्प गरिएको थियो । उक्त क्याम्प सम्पन्न गर्न बिशेष सहयोग गर्नुभएका गुरु डा. चिन्तामणि योगी, यूवा तथा खेलकूद टास्कफोर्स ओशिनिया

संयोजक सुदिप कार्की, आईसीसी सदस्य गणेश केसी लगायत ले उदाहरणिय सहयोग गर्नुभएको थियो ।





*महाकालेश्वरी निम्न माध्यमिक बिद्यालयका १३४ बिद्यार्थीलाइ कापि र कलम बितरण गर्दै*






*महाकालेश्वरी निम्न माध्यमिक बिद्यालयका १३४ बिद्यार्थीलाइ कापि र कलम बितरण गर्दै*







## २.Youth For Economic Growth of Nepal अन्तरक्रिया सम्पन्नः

गैर आवासीय नेपाली संघ सातौं बिश्व सम्मेलनको अन्तिम दिन अर्थात १७ अक्टोवर शनिबार यूवा फोरमले नेपालका यूवा व्यवसायी, एनआरएन यूवा व्यवसायी तथा यूवाहरुका बिच **"Youth For Economic Growth of Nepal"** बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्यो । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता एनआरएनए महासचिब कुमार पन्त र सह अध्यक्षता यूवा उपसंयोजक कृष्ण गिरीले गर्नु भएको थियो । कार्यक्रममा टिबिआई ग्रुपका प्रमुख तथा उपाध्यक्ष भबन भट्ट, चलचित्रकर्मी निश्चल बस्नेत, यूवा व्यवासायी अभिमत सुमाग्री, जोति ग्रुपका यूवा व्यवसायी शौरब जोती, यूवा व्यवसायी निरन्जन श्रेष्ठ लगायतले नेपालको आर्थिक बिकास र समृद्धिका बिषयमा आफ्ना अनुभब तथा बिचारहरु राख्नु भयो । कार्यक्रममा एनआरएनए संस्थापक अध्यक्ष उमेन्द्र महतोले यूवाहरुलाई सहि व्यवसायको पहिचान गरी व्यवसायमा लगानी गर्न प्रेरणादायी बिचार राख्नु भएको थियो । कार्यक्रममा एनआरएनए संरक्षक राम प्रताप थापा, सल्लाहकार बिश्वआर्दश पण्डित, एनआरएनए सचिब रन्जु वाग्ले, एमआईटी फाउण्डेशनकी प्रमुख जमुना घले लगायतको उपस्थिति रहेको थियो ।

अन्तरक्रियामा सहभागि बक्ताहरुको बिचार संकलन पश्च्यात अन्तरक्रिया कार्यक्रमका सह अध्यक्ष यूवा उपसंयोजक कृष्ण गिरी र कार्यक्रमका अध्यक्ष एनआरएनए माहासचिब कुमार पन्तले संक्षेपमा सबैका बिचार तथा सुझावलाई समेट्दै एनआरएनएले गर्न सक्ने सम्भावनाका बारेमा बताउनु भयो ।

निष्कार्षमाः एनआरएनए धनिका संस्था भन्दा पनि धनि बनाउने संस्था भएकाले साना ठूला उद्योग तथा परियोजनाको सहि पहिचान गरी सामुहिक लगानि गर्न यूवाहरुलाई प्रेररित गरीनुपर्ने । काम आफैमा सानो ठूलो हुदैन, प्रबासमा गएपछि हरेक नेपाली यूवाहरु जस्तो सुकै कार्य गर्न तयार रहन्छन भने नेपालमा पनि त्यो संस्कारको बिकास यूवाहरमा गराउन आवश्यक पहल गरीनु पर्ने । नेपालमा राजनीतिक बिक्रिती र गलत संस्कारको बिगबिगी भएता पनि राम्रो संस्कार सिकाउने तथा श्रृजनात्मक कार्य तथा लगानीमा यूवाहरुलाई सहभागिता गराउँदै जानु पर्ने । व्यवसायमा यूवाको प्रवेशले राष्ट्रको बिकास सहज हुने हुँदा व्यवसायबाट लाभ दिन सक्ने बाताबरण तयार गर्न

नेपाल सरकारलाई नीति नियम निर्माण गर्न आवाज उठाउने तथा मद्दत गर्ने । नेपाली सामानहरु बिदेश निर्यात गर्नलाई सहजिकरणको बताबरण बनाउन पहल गर्नु पर्ने । एनआरएनहरुलाई नेपाल सरकारले अहिले सम्म पनि लगनी मैत्रि बताबरण दिन नसकेको र व्यवसाय गर्छु भनेर नेपालमा लगानी गर्दा अनावस्यक झन्झटिला प्रक्रिया तथा चुस्त नीति नियम नभईदिनाले असहज बताबरण भईदिनु र नोक्सान हुने प्रवल सम्भावना भएकाले यस्ता पक्रिया तथा नितिनियममा परिमार्जन गर्न स्थानिय यूवा व्यवसायीहरु संग सहकार्य गरीले पहल गर्नु पर्ने । व्यवसायमा महिलाहरुको सहभागिता बढाउनु पर्ने । नेपाली समान प्रचार प्रसारका लागि बिभिन्न देशहरुमा नेपाली महोत्सब जस्ता कार्यक्रम गरीनु पर्ने लगायतका बुधाहरुलाई कार्यनयन गर्न गराउन स्थानिय यूवा व्यवासायी तथा एनआरएन यूवाहरु तयार भएको र सहकार्य गर्दै अघिबढ्ने उद्घोष भएको छ । यस्ता गतिबिधिलाई अघि बढाउन एनआरएनएले संस्थागत तथा पक्रियागत नीति लिंदै **Youth For Economic Growth of Nepal** बिषय सम्बन्धि टास्कफोर्स तथा समिति नर्माण गरी अघि बढ्ने बताबरण बनाईदिन यूवा उपसंयोजक कृष्ण गिरीले अनुरोध सहित राख्नु भएको प्रस्तावलाई सम्पूर्ण सहभागि यूवाहरुले ताली बजाएर स्वागत तथा समर्थन गर्नु भएको थियो भने महासचिब कुमार पन्त (नब निर्बाचित नयाँ समितिका उपाध्यक्ष) ले यसका लागि पहल गर्ने आश्वासन दिनु भयो । कार्यक्रमको संचालन यूवा उपसमितिका लोकराज शर्माले गर्नु भएको थियो ।










## ३.यूवा फोरमद्धारा खेलाडीहरुलाई सम्मानः

गैर आवासीय नेपाली संघ, यूवा फोरमले सातौं बिश्व सम्मेलनको अवसरमा खेलाडीहरुलाई सम्मान गर्यो । नेपालको खेलकूद जगतमा एतिहासीक सहयोग पुर्याउँदै राष्ट्रिय कृतिमान गर्न सफल ५ खेलाडिहरुलाई जनही रु.३० हजार, प्रमाण पत्र, ट्रफि तथा खादा लागाएर सम्मान गरीयो । एनआरएनए अध्यक्ष शेष घले, उपाध्यक्ष टिबि कार्की र यूवा उपसंयोजक कृष्ण गिरीले खेलाडीहरुलाई १३ अक्टोवर गरीएको एक कार्यक्रममा सम्मान गर्नु भएको हो । कार्यक्रमको ब्यवस्थापन तथा संचालन यूवा खेलकूद टास्कफोर्सका उपसंयोजक नारायण गुरुङले गर्नु भएको थियो ।






४. भक्तपूर साना तथा मभ्यौला घरेलु उद्योग संघ, डेनिस सोलार इनर्जि र एनआरएनए यूथ फोरमका तर्फबाट यूरोम उपसमिति बिच यूवा व्यवसायिहरुले भोगेको उर्जा संकट मारलाई सम्बोधन गर्न र सहयोगी भूमिका निभाउने बिषयमा संभौता सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा यूवा फोरम उपसमितिका तर्फबाट लोकराज शर्माले सहभागिता जनाउनु भएको थियो ।

## ५. "Youth to youth cooperation to re-build Nepal" बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्नः

गैर आवासीय नेपाली संघ सातौं बिश्व सम्मेलन पूर्व १० अक्टोवरका दिन **"Youth to youth cooperation to re-build Nepal"** बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता एनआरएनए उपाध्यक्ष भबन भट्टले गर्नु भएको थियो भने व्यवस्थापन यूवा फोरम उपसमितिका लोकराज शर्माले गर्नु भएको थियो । कार्यक्रममा नेपालको पुनर्रनिर्माणमा यूवाको भूमिका, यूवाको जिम्मेवारी आदि बिषयमा छलफल गरीएको थियो । स्थानिय संघसंस्थाका यूवा प्रतिनिधि तथा एनआरएन यूवाहरुको कार्यक्रममा उपस्थिति रहेको थियो । कार्यक्रम उद्योग बाणिज्य संघको सभा कक्षमा भएको थियो ।

## ६. दोश्रो पुस्ताका लागि नेपली कला, सँस्कृति तथा ज्ञान साटासाट कार्यक्रमः

दोश्रो पुस्ताका लागि एकदिने नेपली कला, सँस्कृति तथा ज्ञान साटासाट कार्यक्रम गर्ने संकल्प सहित यूवा फोरमले दर्ता प्रक्रिया अघि बढाएको थियो । आयोजनाका पक्षबाट सम्पूण तयारी भए पनि सातौं बिश्व सम्मेलनमा सहभागि हुन आउनु भएका एनआरएन अबिभावकहरुले दोश्रो पुस्ताका बालबालीका तथा यूवाहरु साथमा ल्याएर आउन नसकेका कारण तथा कसैको पनि नाम दर्ता हुन नसकेको ले कार्यक्रम आयोजना गर्न सकिएन ।